लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, बर्दिया**

☎/फ़ै कार्यालय : ०८४-४२०१४६
ईमेल ठेगाना: dfobardiya@gmail.com

प.सं. २०८२।०८३ (वन व्यवस्थापन शाखा)
च.नं. 2963

मितिः २०८२।०९।२४

विषयः सूचना अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह, गुलरिया न.पा.-४, बर्दियाको प.सं. २०८२।०८३, च.नं. १०, मिति २०८२।०९।२३ को पत्रसाथ संलग्न पहिलो पटक काठ, दाउरा प्रति एकई दररेटमा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना पाना २ मिति २०८२।०९।२४ गते यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

2082/09/24
.................................
राम गोपाल चौधरी
निमित्त डिभिजनल वन अधकृत
नि. डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह,
गुलरिया न.पा.-४, बर्दियाः त्यस समूहबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुको साथै वेबसाईटमा समेत राखिएको व्यहोरा जानकारी गराईन्छ ।

# टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह

गुलरिया-४, तुल्सीपुर, बर्दिया

पत्र संख्या : ०८२/०८३
चलानी नं.: १०

मिति २०८२/३/२८

विषय : सूचना वेभ साइड अपलोड गरी जानकारी गराइ दिने सम्बन्धमा

श्री डिभिजन वन कार्यालय
गुलरीया बर्दिया

प्रस्तुत विषयमा यस समुहको २०८२।३।२८ गते मध्यान्न राष्ट्रिय दैनीक पत्रिका मा पहिलो पटक प्रकाशित काठको बोल पत्र द्वारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना थान २ पेलै ~~साथ~~ पत्र साथ संलग्न राखी पठाएको व्यहोरा कार्यलयको वेब साइट मा अप लोड गरी सोको जान कारी यस समूहको पठाइ दिनु हुन अनुरोध छ। साथै वन तथा वातावरण मंत्रालय राप्ती उपत्यका देउखुरी, दाङ र वन निर्देशनालय बुटवल रुपन्देहीको वेब साइड मा समेत अपलोड गर्नु का लागी आवश्यक सहयोग गरिदिन सादर अनुरोध छ।

[illegible] २।।२१
2082/03/28

रेखा कुमारी डाङ्गी
अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं.:- ३९८२
मिति:- २०८२/३/२८

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. ०४, तुल्सिपुर बर्दिया

प.स.

च.नं.

मिति: २०८२/०९/२४

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।०९।२४

श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/२४ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. ४ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पंदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | सिमल | ४ | N | ६५५.७८ | १.४१ | १५० | ४००० | ९८३६७ | ५६४० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | कान्जि | ३ | N | ५५.१८ | ०.११ | १०० | ४००० | ५५१८ | ४४० | |
| | गुटेल | ८ | N | ४८.२२ | ०.२८ | १०० | ४००० | ४८२२ | ११२० | |
| | अन्य | २ | N | २१.१९ | ०.०९ | १०० | ४००० | २११९ | ३६० | |
| | जम्मा | १७ | | ७८०.३७ | १.८९ | | | ११०८२६ | ७५६० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।१०।१५ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य बैक गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं.४१४०१००००८४००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र टप्पर महिला सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह

**गुलरिया न.पा. ०४, तुल्सिपुर बर्दिया**

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१०।१५ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।